## श्री बझाङ जिल्ला अदालत

### तहसिल शाखाबाट जारी भएको

### दशीको यार्सागुम्बा डाँक लिलाम बढाबढद्वारा बिक्री गर्ने सम्बन्धी जरुरी सूचना !!!

### सूचना प्रकाशन तथा लागू हुने मिति २०८१/०८/११ गतेदेखि

यस अदालतको प्र.स.नि. मोहन सिंह रावल समेतको प्रहरी प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जिल्ला बझाङ सुर्मा गाउँपालिका वडा नं.१ बस्ने लोक बहादुर बोहरा भएको बिना इजाजत यार्सागुम्बा ओसार पसार मुद्दा (०८१-C१-०००२) मा दशीको रुपमा दाखिल हुन आई जिन्सीमा आम्दानी बाँधिएको तपसिलमा उल्लेखित परिमाण र मूल्यको यार्सागुम्बा जे जस्तो अवस्थामा छ सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ बमोजिम सिलबन्दी डाँक लिलाम बढाबढद्वारा एकमुष्ठ बिक्री गरिने भएकोले यस अदालतको मिति २०८१/०७/३० को निर्णय र मिति २०८१/०८/०२ को मूल्याङ्कन समितिको निर्णय अनुसार सिलबन्दी डाँक लिलाम बढाबढमा सहभागी हुन चाहने व्यक्ति, फर्म वा संस्थाले मिति २०८१/०८/११ गतेदेखि मिति २०८१/०८/२५ गतेसम्म यस अदालतबाट जारी गरिएको दरखास्त निवेदन लिई निवेदन दस्तुर रु.१०००/- (एक हजार फिर्ता नहुने) न्यूनतम मूल्याङ्कनको दश प्रतिशतले हुने रकम यस अदालतको लेखा शाखामा जम्मा गरी निवेदन दर्ता गराएका व्यक्ति, संस्था वा फर्मलाई मिति २०८१/०८/२६ गतेको सिलबन्दी डाँक लिलाम बढाबढमा सहभागी गराइने भएकोले देहायको शर्त रहने गरी लिलाम सकार गर्न इच्छुक नेपाली नागरिक तथा फर्महरुबाट सिलबन्दी डाँक लिलाम बढाबढको लागि निवेदन आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८१/८/११

प्रकाश बहादुर सिंह

तहसिलदार(शाखा अधिकृत)

तहसिलदार(शा.अ.) रा.प. तृतीय

**तपसिलः**

| सि. नं. | जिन्सी नं. | मिति | मुद्दा नं. | जाहेरवाला | प्रतिवादी | मुद्दा | परिमाण | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १९६ | २०८१/०४/१७ | ०८१-C२-०००२ | प्र.स.नि मोहन सिंह रावल समेतको प्रतिवेदनले नेपाल सरकार | लोक बहादुर बोहरा | बिना इजाजत यार्सागुम्बा ओसारपसार | डिब्बा सहितको जम्मा तौल ९३९ ग्राम | ४७,०००/- (सतचालिस हजार) | |

तहसिलदार(शा.अ.) रा.प. तृतीय

**शर्तहरु:**

१. सिलबन्दी डाँक लिलाम बढाबढमा सहभागी हुन चाहने व्यक्ति, संस्था वा फर्मले मिति २०८१/०८/११ देखी मिति २०८१/०८/२५ गतेसम्म कार्यालय समयभित्र व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्था वा फर्मले नविकरण सहितको फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी, चालु आ.ब को कर चुक्ताको प्रमाणपत्र, न्यूनतम मूल्यको दश प्रतिशत रकम यस अदालतको लेखा शाखामा दाखिल गरेको रसिद संलग्न राखी व्यक्तिको हकमा स्वयं र संस्था वा फर्मको हकमा आधिकारीक व्यक्तिबाट सिलबन्दी डाँका लिलाम दस्तुर सहित यस अदालतबाट जारी निवेदन भरी न्यूनतम मूल्याङ्कन भन्दा माथिल्लो बोलकबोल रकम अंक र अक्षरमा प्रष्ट रुपमा भरी खामबन्दी गरी खामको बाहिर निवेदकको नामथर, ठेगाना भए ईमेल र फोन नं. समेत खुलाई यस अदालतको तहसिल शाखामा बुझाउनु पर्ने छ। तोकिएको मितिमा निवेदन दर्ता नगराई लिलाम हुने मिति र समयमा उपस्थित हुने व्यक्ति संस्था वा फर्मलाई डाँक लिलाम बढाबढमा सहभागी गराईने छैन।

२. सिलबन्दी डाँक लिलाम सम्पन्न हुँदा सबैभन्दा बढी अङ्क बोलकबोल गर्ने व्यक्ति संस्था वा फर्मको बाहेक अरुको धरौटी रकम नियमानुसार व्यक्तिको हकमा नागरिकताको सक्कल प्रमाण हेरी र संस्था वा फर्मको हकमा आवश्यक प्रमाण कागजात हेरी फिर्ता गरिने छ।

३. सिलबन्दी डाँक लिलाम बढाबढ निवेदन दर्ता गराउने व्यक्ति वा संस्थाले मिति २०८१/०८/२६ गते दिनको २:०० बजेसम्म सम्पन्न हुने सिलबन्दी डाँक लिलाम बढाबढ कार्यमा स्वयं उपस्थित हुनुपर्ने छ। निवेदन दर्ता गराई सो मिति र समयभित्र उपस्थित नहुने निवेदन दर्तावालालाई कुनै मौका प्रदान गरिने छैन।

४. डाँक लिलाम बढाबढको दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट दिन सोही समयमा डाँक लिलाम बढाबढ गरिने छ।

५. सिलबन्दी डाँक लिलाम बढाबढ यस अदालतबाट स्वीकृत भई सकार गरिलिने व्यक्ति वा संस्थाले ७(सात) दिनभित्र आफूले बोलकबोल गरेको रकम दाखिला गरी लिलाम हुने यार्सागुम्बा जुन अवस्थामा छ सोही अवस्थामा उठाई लैजानुका साथै छुटपुर्जी बनाउन लाग्ने राजस्व लगायतका अन्य राजस्व रकम समेत बोलकबोल कर्ताले नै व्यहोर्नु पर्ने छ।

६. बोलकबोल कर्ताले तोकिएको म्यादभित्र बोलकबोल गरेको रकम दाखिला नगरेमा धरौटी रकम जफत हुने छ। साथै समयभित्र लिलाम डाँक सकार गरेको यार्सागुम्बा नउठाएमा कानून बमोजिम हुनेछ।

७. सिलबन्दी डाँक लिलाम बढाबढ हुने यार्सागुम्बा हेर्न चाहेमा वा यस सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भए अड्डा खुल्ने समय बिहान १०:०० बजेदेखि बेलुका ४:०० बजेसम्म यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिने छ।

८. सिलबन्दी डाँक लिलाम बढाबढ सम्बन्धी सम्पुर्ण अधिकार यस अदालतमा रहने छ।

तहसिलदार(शा.अ.)
रा.प. तृतीय